जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२६/५१

दर्ता मिति :– २०७०/०४/१५

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२११३, मिति :– २०७१/११/१५

| वादी | प्रतिवादी |
| --- | --- |
| प्रहरी प्रतिवेदनले नेपाल सरकार......१ | रामकृष्ण भण्डारीको छोरा जि. धादिङ, निलकण्ठ गा.वि.स. वडा नं.५ घर भई का.जि.,मनमैजु बस्ने वर्ष २९ को राधे भन्ने राधाकृष्ण भण्डारी.................................................................... १ |
| निजको प्रमाण................................ | रामचन्द्र अधिकारीको छोरा जि. धादिङ, त्रिपुरेश्वर गा.वि.स. वडा नं.६ घर भई का.जि.,का.म.न.पा.-१६ नयाँ बजार बस्ने वर्ष २९ को चरी भन्ने दिनेश अधिकारी.............................................. १ |
| साक्षी ............. | निजको प्रमाण ............................................................. |
| कागज.......................................... | साक्षीः गोविन्द श्रेष्ठ...................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

(१) काठमाण्डौ जिल्ला, सतुङगल गा.वि.स.वडा नं.९ (ख) स्थित कलंकी-थानकोट पक्की सडकमा गाडीको सिसाको टुक्राहरु, गाडीको बम्फट थान २ रहेको, सो स्थान देखि २० फिट पूर्व सडकको दक्षिण

किनारमा बा.१ प २९७० नं.को २०० सिसिको कालो रंगको पल्सर मोटरसाइकल रहेको स्थान देखि ५० फिट पश्चिम तर्फ सडकको बीच भागमा ९.१९ MFS २००० लेखिएको पेस्तोलमा लाग्ने गोलीको खोका थान १ फेला परेको भन्ने घटनास्थल मुचुल्का ।

(२) धादिङ जिल्लाबाट प्रेश चौतारीको कार्यक्रम सकी काठमाण्डौ तर्फ आउदै गर्दा का.जि.,सतुङगल, सिप्रदी ट्रेडिङ सेन्टरको अगाडि आइ पुग्दा प्रतिवादीहरु राधे भन्ने राधाकृष्ण भण्डारी समेतले म चढी आएको बा.१० च. ५९९३ नं.को गाडी मोटरसाइकलले छेकी एक्कासी खुकुरी, गोली, बन्दुक समेतले गाडी तोडफोड गरी बाहिरबाट मेरो दाहिने हातको पाखुरामा गोली हानी घाइते बनाएको र सो अवस्थामा म सहित रहेका साथीहरु समेत एक्कासी आत्तिइ भाग्न खोज्दा एक ढिस्कोमा हाम फाली सो ढिस्को छेउमा रहेको झ्याङबाट खोलामा हाम फाली भाग्ने सिलसिलामा सो झ्याङको वरीपरी म उपर ५-७ राउण्ड फायर गरी गोली प्रहार गरी ज्यान मार्ने उद्योग गरेको हुँदा प्रतिवादीहरुलाई कारवाही पाँउ भन्ने व्यहोराको दिनेश अधिकारीको जाहेरी दरखास्त ।

(३) म १२/१३ वर्ष पहिला देखी काठमाण्डौमा आई बसोवास गर्दै आएको हो । सोही समय देखि जाहेरवाला दिनेश अधिकारी सँग चिनजान भई साथी भाईको सम्वन्ध भई सँगै हिड्ने, डुल्ने गर्दथ्यौं, सोही क्रममा करिव ५ वर्ष पहिला जाहेरवाला दिनेश अधिकारीले मलाई एउटा पेस्तोल तथा ४ राउण्ड गोली समेत दिएका थिए, ठमेलमा रहेको एउटा मनी एक्सचेन्ज लुट्ने भनी निजले भन्दा म असमर्थ भएका कारण निज सँग मित्रता टुटी असमझदारी बढ्दै गएको थियो । पछि धादिङको सडकको ठेक्कामा निज सँग विवाद भई झै झगडा हुँदा निजको गाडी म समेत भई तोडफोड गरेको हो, पछि धादिङका शिव थापाको मृत्यु भएको घटनामा जाँदा निज जाहेरवालाले मलाई २ राउण्ड गोली हानी मार्ने प्रयास गर्दा म भागेर बाच्न सफल भएको हो, त्यस पछि समेत निजले मेरो घरपरिवारका सदस्य तथा मलाई समेत फोनमा काट्छु मार्छु भनी धाक धम्की दिने र लागू औषधमा फसाँउछु भन्ने जस्ता कुराहरु गरी सताइरहेका थिए, करिव ९ महिना पहिला र ४ महिना पहिला गरी दुई पटक निज समेतले मेरा भाई श्री कृष्ण भण्डारीको दुवै हात काटी दिई गम्भिर चोट पुर्‍याई हातै नचल्ने अवस्थामा बनाएका थिए । सो घटनाको सम्वन्धमा निज समेत विरुद्धमा जिल्ला प्रहरी कार्यालय, धादिङमा ज्यान मार्ने उद्योगमा मुद्धा दर्ता गरी हाप्पा भन्ने सूर्यबहादुर गुरुङ हाल कारागार कार्यालय, धादिङमा थुनामा छन् । सोही कारणबाट मलाई रिस उठी मौका पर्दा आक्रमण गर्ने सोचमा थिएँ । वारदात मिति २०७०।३।२१ गते निज जाहेरवाला दिनेश अधिकारी धादिङबाट काठमाण्डौ आउदै छन् भन्ने कुरा मेरो साथी सरोज पाण्डेको मोवाइलमा एस.एम.एस आए पछि हामी सँगैं बसेका साथीहरु राजेन्द्र तामाङ, शिव थापा, सरोज पाण्डे, यादव तिमल्सिना र सुविन श्रेष्ठ समेतले सल्लाह गरी सिप्रदी ट्रेडिङ सेन्टरको अगाडि आक्रमण गर्ने योजना वनाइ हामीहरुले जाहेरवालाको बा.१० च ५९९३ नं.को गाडीमा खुँडा, खुकुरी र पेस्तोल समेतले प्रहार गरी जाहेरवालालाई घाइते बनाएको हो, वारदातमा मैले पेस्तोल प्रयोग गरी २ राउण्ड फायर गरेको हो, मैले प्रयोग गरेको पेस्तोल जाहेरवालाले नै दिएको पेस्तोल हो, वारदात पश्चात् पेस्तोल मैले नजिकैको बल्खु खोलामा फालेको हुँ भन्ने व्यहोराको राधे भन्ने राधाकृष्ण भण्डारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(४) म तथा जाहेरवाला दिनेश अधिकारी, दुर्गा राई, विजय सुनार, निरन्जन पौडेल समेत धादिङमा एमालेको कार्यक्रम भएकोले मिति २०७०।३।२१ गते जाहेरवाला दिनेश अधिकारीको बा.१० च ५९९३ नं.को गाडीमा धादिङ गई कार्यक्रम सकी बेलुका काठमाण्डौ तर्फ आइरहेकोमा का.जि. सतुङगल सिप्रदी

ट्रेडिङ अगाडि आई पुग्दा ३०/३५ वटा मोटरसाइकलले बाटो छेकी हामीहरुलाई ढुंगा, इट्टा, खुँडा, खुकुरी, पेस्तोल समेत प्रहार गरी आक्रमण गर्दा जाहेरवाला दिनेश अधिकारीले चलाएको गाडी मो.सा.सँग ठक्कर लागी गाडीको स्टार्ट बन्द भए पछि निज गाडीबाट भागी फरार भएका हुन्, त्यसपछी म गाडीको पछाडिको सिटबाट अगाडि आई गाडी चलाई का.जि.नयाँवजारमा लगि गाडी राखी टिचिङ अस्पताल गई घाइते दिनेश अधिकारीलाई उपचार गराएको हो, जाहेरीमा उल्लेखित प्रतिवादीहरु राधे भन्ने राधाकृष्ण भण्डारी, समिरमान बस्नेत, गोपीकृष्ण भण्डारी, शिव थापा, राजेन्द्र तामाङ समेतका व्यक्तिहरुले नै जाहेरवालालाई आक्रमण गरी पेस्तोल फायर गरी गम्भीर चोट पुऱ्याई ज्यान मार्ने उद्योग गरेको हुँदा निजहरु उपर कानून बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको बुझिएका मानिस सुवर्ण श्रेष्ठ समेतले मिति २०७०।४।९ मा गरेको कागज ।

(५) संकलित कागज प्रमाणहरुबाट प्रतिवादीहरु राधे भन्ने राधाकृष्ण भण्डारी र चरी भन्ने दिनेश अधिकारीले विना इजाजत अवैध रुपमा हातहतियार, खरखजाना राख्ने, ओसार पसार गर्ने, चलाउने समेत कार्य गरी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), दफा ४(२) र दफा ५(१) विपरितको कसुर गरेको हुँदा निजहरुलाई सोहि ऐनको दफा २०(२) र दफा २०(३) बमोजिम सजाँय गरी तथा वारदातमा प्रयोग भएको हातहतियार तथा खरखजाना सोहि ऐनको दफा १६ बमोजिम जफत गरिपाउँ भन्ने व्यहोराको अभियोग माग दावी ।

(६) मैले प्रतिवादी राधाकृष्ण भण्डारी विरुद्ध ज्यान मार्ने उद्योगमा किटानी जाहेरी दिएका कारण सोही मुद्दामा निज हाल थुनामा छन् । म मिति २०७०।३।२१ गते धादिङबाट म समेतका साथीहरु काठमाण्डौ आउदै गर्दा काठमाण्डौको सतुङगल सिप्रदी ट्रेडिङ नजिक करिव राती १०.०० बजे तिर निज राधे भन्ने राधाकृष्ण भण्डारी समेतले हामी उपर पेस्तोल हानी मेरो दाहिने हातमा गम्भीर चोट लागेको थियो । सोही घटनाको विषयमा निज उपर किटानी जाहेरी दिएको थिएँ । यसै जाहेरी दिएको विषयलाई लिएर निजले रिसइवी राखी मैले पेस्तोल र गोली दिएको भनी खुलाएको हो । मैले निजलाई कुनै पेस्तोल गोली दिएको होइन, छैन । म पेस्तोल राख्ने, चलाउने गर्दिन । आँफूले राख्दै नराखेको र आफूसँग हुदै नभएको पेस्तोल गोलीहरु दिने कुरै हुदैन । तसर्थ व्यक्तिगत रिसइवी राखी कसैले पोल गरेकै भरमा झुठ्ठा विवरण वनाई मलाई पक्राउ गरी षडयन्त्र पूर्वक थुनामा राखी यो मुद्दा चलाइएकाले यो अभियोग बमोजिम सजाँय हुनु पर्ने होइन । अभियोगबाट सफाइ पाँउ भन्ने समेत व्यहोराको दिनेश अधिकारीले यस कार्यालयमा गरेको बयान ।

(७) जाहेरवाला दिनेश अधिकारीले वयानमा आफुले हातहतियार तथा खरखजाना नलिएको, व्यक्तिगत रिसइवीले अभियोग लगाइएको भनी इन्कारी वयान गरेको र निजको साथबाट हातहतियार खरखजाना वरामद नभएको, करिव ५ वर्ष अगाडि दिनेश अधिकारीले मलाई पेस्तोल र ४ राउण्ड गोली दिएका थिए भनी राधे भन्ने राधाकृष्ण भण्डारीले खुलाएकोले यी प्रतिवादीलाई हातहतियार खरखजाना ऐन, २०१९ दफा ३(२), ४)२) र ५(१) बमोजिमको कसुरमा सोही ऐनको दफा २०(२) र २० (३) बमोजिम कारवाही गरी पाउँ भनी अभियोग पेश भएको अवस्था देखिंदा यी प्रतिवादी दिनेश अधिकारीले विना ईजाजत हातहतियार खरखजाना राखी, चलाई गरेको अवस्था तत्काल प्राप्त प्रमाणले पुष्टी गर्न सकेको अवस्था देखिएन, तसर्थ पछि ठहरे बमोजिम हुने गरी हाललाई मु.ऐ.अ.वं.११८ को देहाय ५ बमोजिम प्रतिवादी दिनेश अधिकारीसँग रु २,०५,०००।- नगद धरौटी तथा सो वरावरको जेथा जमानत लिई तारेखमा राख्नु, दिन नसके थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत यस कार्यालयबाट मिति

२०७०।०४।१५ मा भएको अदेश बमोजिम प्र. दिनेश अधिकारीले माग भएको धरौट नगदै दाखिला गरी तारेखमा बसेका रहेछन् ।

(८) म लगायतका ४ जना साथीहरु २ वटा मोटरसाइकलमा थानकोट त्रिभुवन पार्कमा खाजा खाई आउदै थियौ, म र राजेन्द्र तामाङ भन्ने साथी एउटा मोटरसाइकलमा थियौ । सतुङगल आइ पुग्दा पछाडिबाट एक्कासी गाडीले ठक्कर दियो, म मोटरसाइकलको पछाडि बसेको कारण उछिट्टिएर सडक पारी पुँगे । राजेन्द्र रोडमै ढलेछन्, निजलाई पछाडिको गाडीले खुट्टामा कुल्चिएको देखे । त्यसपछि म उठेर निज राजेन्द्र भएको ठाउमा गै हेर्दा खुट्टामा रगत आइ रहेको देखेर तत्काल निजलाई उठाई ट्याक्सीमा हाली अस्पताल लिई गएँ । त्यहाँ कसले हतियार चलायो, कसलाई गोली लाग्यो मलाई थाह भएन, वेलुका घरमा टि.भि.हेर्दा समाचार आइरहेको देखेपछिमात्र मैले थाह पाएको हुँ । मैले गोली चलाएको होइन । मलाई झुठ्ठा आरोप लगाइएकोले अभियोगबाट छुटकारा पाँउ भन्ने समेत व्यहोराको प्रतिवादी राधे भन्ने राधाकृष्ण भण्डारीले यस कार्यालयमा गरेको बयान ।

(९) प्रतिवादी राधे भन्ने राधाकृष्ण भण्डारीले यस कार्यालयमा अभियोग इन्कार गरी बयान गरेको भएता पनि निजले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान, घटनास्थल मुचुल्का, प्रहरी प्रतिवेदन सहितका अभियोगपत्रसाथ पेश भएका कागजातहरुलाई अहिले नै अन्यथा भन्न सकिएन, तसर्थ पछि थप प्रमाण बुझी फैसला हुँदाका बखत ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादीको साथबाट कुनै हातहतियार खरखजाना वरामद नभएको तथा के कुन हातहतियार खरखजाना प्रयोग भएको हो भनी दशी प्रमाण समेत पेश भएको नदेखिएको अवस्थालाई समेत विचार गरी मु.ऐ. अ.वं.११८ को देहाय ५ बमोजिम रु २,०५,०००।- नगद वा सो वरावरको जेथा जमानत लिई तारेखमा राख्नु, दिन नसके थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू भन्ने समेत यस कार्यालयबाट मिति २०७०/०५/०४ मा भएको आदेश बमोजिम प्रतिवादी राधे भन्ने राधाकृष्ण भण्डारीले माग भएको धरौट नगदै दाखिला गरी तारेखमा बसेका रहेछन् ।

(१०) दिनेश अधिकारीको दायाँ हातको पाखुरामा Gun Shot Injury, Bullet in-out injury भन्ने व्यहोराको त्रि.वि.शिक्षण अस्पताल, महाराजगन्जको प.सं.,च.नं. १०९ मिति २०७०।०४।१३ को पत्रसाथ घाँउकेश जाँच फाराम विवरण प्राप्त भएको रहेछ ।

(११) केन्द्रीय प्रहरी विधि विज्ञानशालाको मिति २०७०।०४।१७ को परीक्षण प्रतिवेदनबाट परीक्षणका लागि प्राप्त खोका फ्याक्ट्री मेड 9 MM क्यालिवर पेस्तोलबाट फायर गर्न सकिने भनी परीक्षण प्रतिवेदन प्राप्त भएको रहेछ ।

(१२) महानगरीय प्रहरी परिसर, काठमाण्डौंको च.नं.२६४४, मिति २०७१।१०।०५ को पत्रबाट प्रतिवादी दिनेश अधिकारीको का.जि., भिमढुङ्गा गा.वि.स.वडा नं.६ स्थित सडकमा प्रहरी कारवाहीमा मिति २०७१।४।२१ गते मृत्यु भएको भनी खुली आएको रहेछ ।

(१३) उक्त घटना घटेको दिन राधाकृष्ण भण्डारी त्रिभुवन पार्कबाट साथी राजेन्द्र तामाङले चलाएको मोटरसाइकलमा चढी वाफलबाट आउदै गर्दा सिप्रदी ट्रेडिङ निर पछी नाम थर खुल्न आएका दिनेश अधिकारीले चलाएको कारले मोटरसाइकललाई ठक्कर दिंदा चालकको खुट्टा भाँच्चिएको र राधाकृष्ण भण्डारी सख्त घाइते भई उपचारका लागि अस्पतालमा भर्ना भएको हो । चालकले उक्त कारलाई बाटो छेकेको होइन । मोटरसाइकल आफै सडकमा हिंडीरहेको अवस्थामा कारले

मोटरसाइकलमा चढ्ने व्यक्ति नै घाइते हुने गरी ठक्कर दिएको भन्ने व्यहोरा मैले सो ठाँउमा गई बुझेको हो । उक्त घटनामा राधाकृष्ण भण्डारी र मोटरसाइकल चालकको कुनै गल्ती थिएन । उक्त घटना नियोजित थिएन भन्ने समेत व्यहोराको प्रतिवादी राधाकृष्ण भण्डारीको साक्षी गोविन्द श्रेष्ठले यस कार्यालयमा गरेको वकपत्र ।

(१४) यस कार्यालयबाट बकपत्रका लागि तोकिएको तारेखमा वादी नेपाल सरकारका तर्फबाट साक्षीहरु उपस्थित नगराइएको देखियो ।

## ठहर

(१५) नियम बमोजिम मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।३।२१ गतेका दिन अं.२१.४५ बजेको समयमा काठमाण्डौं जिल्ला, सतुंगल स्थित सिप्रदी ट्रेडिङ्ग अगाडि प्रतिवादी दिनेश अधिकारीलाई राधे भन्ने राधाकृष्ण भण्डारीले पेस्तोलबाट गोली फायर गरी घाइते वनाएको र वारदातमा प्रयोग भएको उक्त पेस्तोल प्रतिवादी चरी भन्ने दिनेश अधिकारीले प्रतिवादी राधाकृष्ण भण्डारीलाई दिएको तथा वारदात स्थलमा गोलीको खोका समेत वरामद भएकाले प्रतिबादी चरी भन्ने दिनेश अधिकारी र राधे भन्ने राधाकृष्ण भण्डारीलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२),४(२) र ५(१) विपरितको कसूर अपराधमा सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

(१६) यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

(१७) मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।३।२१ गतेको घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, खानतलासी वरामदी मुचुल्का, प्रतिवादी राधे भन्ने राधाकृष्ण भण्डारीले अनुसन्धानका क्रममा करिव ५ वर्ष पहिले प्रतिवादी चरी भन्ने दिनेश अधिकारी र मेरो चिनजान भएको र सँगै काम समेत गरेको अवस्थामा करिव २ वर्ष पहिला देखी हाम्रो सम्वन्ध विग्रन गई मिति २०७०।३।२१ गते निज दिनेश अधिकारी धादिङबाट काठमाण्डौं आउदै गरेको सूचनाका आधारमा उल्लेखित वारदात स्थलमा निजको गाडीले राजेन्द्र तामाङको वा ३१ प २९७० नं.को मोटरसाइकलमा निज दिनेश अधिकारीको गाडीले ठक्कर दिएपछि म समेतले निजको गाडीमा ढुङ्गा इट्टाले हानी खुकुरी तरवार प्रहार गरी मैले कम्मरमा बोकेको पेस्तोलले एक फायर गरेको, निज प्रतिवादी दिनेश अधिकारी गाडीको ढोका खोली भाग्न लाग्दा पुनः एक फायर गरेको भनी कसुरमा सावित रही वयान गरी यसमा का.जि., त्रिभुवनपार्कबाट खाजा खाई राजेन्द्र तामाङसँग सतुङगल आई पुग्दा पछाडिबाट एक्कासी गाडीले ठक्कर दिएको र आँफु उछिट्टिएर लडेको, राजेन्द्रलाई खुट्टामा चोट लागेकोले उपचारका लागि अस्पताल गएको, त्यहाँ कसले हतियार चलायो, कसलाई गोली लाग्यो, आफुलाई थाह नभएको भनी कसूरमा इन्कार रही वयान गरेका ।

(१८) प्रतिवादी चरी भन्ने दिनेश अधिकारीले अनुसन्धानका क्रममा ने.क.पा.(एमाले)को कार्यक्रममा धादिङमा गई काठमाण्डौं र्फकने क्रममा काठमाण्डौं जिल्ला, सतुङगलमा आई पुग्दा ३०/३५ वटा मोटरसाइकलमा आएका प्रतिवादी राधे भन्ने राधाकृष्ण भण्डारी समेतका व्यक्तिहरुले खुडा खुकुरी तथा पेस्तोलबाट फायर गरी आफ्नो पाखुरामा गोली लागी घाइते भएको, निजले प्रयोग गरेको गोली तथा पेस्तोलबाट निजले फायर गरेको गोलीबाट आफु घाइते भएकोले फसाउने नियतले आफुलाई पोलेको, आफुले

राधाकृष्णलाई हातहतियार नदिएको भनी खुलाइ यस कार्यालमा सोही व्यहोरासँग मिल्दो जुल्दो बयान गरेका रहेछन् ।

(१९) प्रतिवादी राधाकृष्ण भण्डारीको हकमा विचार गर्दा निजले अनुसन्धानको क्रममा कसूरमा सावित रही वयान गरेका, यिनै प्रतिवादी उपर ज्यान मार्ने उद्योग मुद्दामा काठमाण्डौं जिल्ला अदालतमा मुद्दा चलिरहेको भन्ने मिसिल संलग्न कागजातहरुबाट देखिएको, वारदात स्थलबाट पड्केको गोलीको खोका वरामद भएको, यस कार्यालय समक्षको वयानमा कसूरमा इन्कार रही वयान गरेता पनि सो इन्कारी वयानलाई पुष्टी गर्ने अन्य विश्वासनीय प्रमाण मिसिल संलग्न नदेखिएको, प्रतिवादीका साक्षीले यस कार्यालयमा वकपत्र गर्दा वारदात आफुले देखेको नभई गई बुझेको भन्नेसम्मको व्यहोरा खुलाएकाले उक्त साक्षीको वकपत्र कथनले प्रामाणिक महत्व राख्ने देखिएन । अनुसन्धानका क्रममा साविती वयान गर्दा डर, त्रास, धम्की, प्रलोभन आदि दिएको भन्ने समेत नदेखिएकोले प्रतिवादीले गरेको साविती वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजका विरुद्ध प्रमाणमा लिन मिल्ने नै देखियो । इन्कारी वयान र साक्षीले अनुमानका आधारमा गरेका वकपत्रमात्र सफाईको आधार बन्न सक्दैन । प्रतिवादी राधाकृष्ण भण्डारीको साथबाट कुनै हात हतियार खरखजाना वरामद नभएता पनि निजले अनुसन्धानको क्रममा गरेको साविती बयान जस्तो प्रत्यक्ष प्रमाण (Direct Evidence) र वारदात स्थलबाट पड्किएको गोलीको खोका वरामद हुनु, प्रतिवादी दिनेश अधिकारी गोली लागि घाइते हुनु, यी दुबै प्रतिवादीहरुबीच वैमनस्यता रहेको खुल्न आउनु, राधाकृष्ण भण्डारीले बयानमा वारदात स्थलमा आफ्नो उपस्थिती रहेको तथ्यलाई स्वीकार गर्नु जस्ता अन्य परिस्थितीजन्य प्रमाणहरु (Circumstantial Evidences) का आधारमा प्रतिवादी राधाकृष्ण भण्डारीले विना इजाजत हातहतियार खरखजाना आफुसाथ राखी साथमा लिई हिंडी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२),४(२) र ५(१) विपरित कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सँजाय तर्फ विचार गर्दा निजसँग धरौटी माग्ने गरी यस कार्यालयबाट भएको आदेश पुनरावेदन अदालत पाटनबाट सदर भएको देखिएको, गोलीको खोका थान -१ मात्र वरामद भएको देखिएकोले प्रतिवादीलाई कैदको सजाँय गर्दा चर्को पर्न जाने र जरिवाना गर्दा पनि न्यायको उद्देश्य पुरा हुने भएकाले निजलाई ऐ.दफा २०(२) बमोजिम रु ७५,०००।- र ऐ. दफा २०(३) बमोजिम रु २५,०००।- गरी जम्मा रु १,००,०००।- ( एक लाख रुपैयाँ) जरिवाना हुन्छ ।

(२०) प्रतिवादी दिनेश अधिकारीको हकमा बिचार गर्दा निजले अनुसन्धानको क्रममा र यस कार्यालयमा गरेको वयानमा कसूरमा इन्कारी रही वयान गरेका छन् । निजको साथ स्वामित्व तथा वासस्थानबाट कुनै हातहतियार खरखजाना वरामद भएको देखिंदैन । निज स्वयं अर्केले प्रहार गरेको गोली लागी घाइते भएको भन्ने मिसिलबाट देखिन्छ । यी दुई प्रतिवादी राधाकृष्ण र दिनेश बीचको सम्वन्ध कटुतापूर्ण रहेको देखिन्छ । कटुतापूर्ण सम्वन्ध रहेको सह-अभियुक्तले पोल गरेको बाहेक हातहतियार खरखजाना साथमा राख्ने, लिई हिंड्ने, ल्याउने लैजाने कार्यमा दिनेश अधिकारीको संलग्नता छ भन्ने कुनै प्रमाण मिसिलमा देखिंदैन । सह-अभियुक्तले पोलेकै भरमा मात्र प्रतिवादी दिनेश अधिकारीलाई कसूरदार ठहर गर्न मिलेन । तसर्थ प्रतिवादी दिनेश अधिकारीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसिल

प्रतिवादी राधाकृष्ण भण्डारी के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु. १,००,०००/-( एक लाख ) जरिवाना हुने ठहरेकोले निजले मिति २०७०।५।४ मा राखेको धरौटी रकम रु २,०५,०००।-

बाट अ.बं. १२० तथा दण्ड सजाँयको ५३ नं. बमोजिम असुल गर्नु, बाँकी रकम फिर्ता पाँउ भनी प्रतिवादीका तर्फबाट ऐनका म्याद भित्र निवेदन परेमा नियमानुसार फिर्ता दिनु........................१

प्रतिवादी दिनेश अधिकारी के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग दावीबाट सफाई पाउने ठहरेको र महानगरीय प्रहरी परिसर, काठमाण्डौंको च.नं.२६४४, मिति २०७१।१०।०५ को पत्रबाट प्रतिवादी दिनेश अधिकारीको मिति २०७१।४।२१ गते मृत्यु भएको भनी खुली आएको हुँदा यस कार्यालयमा मुद्दा पूर्पक्षको क्रममा निजले मिति २०७०।४।१५ मा राखेको धरौटी रकम रु २,०५,०००।- निजको सबभन्दा नजिकको हकदारले फिर्ता पाउँ भनी ऐनका म्याद भित्र निवेदन दिएमा नियमानुसार फिर्ता दिनु........................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी राधाकृष्ण भण्डारी लाई पुनरावेदन म्याद दिनू.............................. ३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी र पुनरावेदन म्याद दिनु.........................................................................................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..........................................................................................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ......................................................६

...................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु. परशुराम थापा,
ना.सु. भुवराज घिमिरे

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

ईति सम्बत् २०७१ साल फाल्गुण १५ गते रोज ६ शुभम् ......................